# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र


प्रदेश नं १ झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ६ भद्रपुर, आश्विन ०७ गते, २०७९ साल, संख्या २


### भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएकोछ ।

**"भद्रपुर नगरपालिकाको शव बाहन संचालन तथा व्यवस्थापन कार्यबिधि २०७९"**

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

# भद्रपुर नगरपालिकाको "शव बाहन संचालन तथा व्यवस्थापन कार्यबिधि २०७९"

*पारित मिति २०७९/०६/०२*
*प्रमाणीकरण मिति २०७९/०६/०६*

## प्रस्तावना

भद्रपुर नगरपालिका क्षेत्रमा बसोबास गर्ने नगरिकलाई आफ्नो रितिस्थिति अनुसार मृतक भएको स्थानबाट श्मसानघाटसम्म पुर्याई मृत्यु संस्कार पुरा गर्न सहयोग पुर्याउने गरी नगर क्षेत्रमा निशुल्क रुपमा शव बाहन सेवा उपलब्ध गराउन वान्छनीय भएकाले भद्रपुर नगरपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७५ को को दफा (४) बमोजिम भद्रपुर नगरपालिकाले यो कार्यबिधि बनाई लागु गरेकोछ ।

### परिच्छेद- १

१. संक्षिप्त नाम र प्रारम्भ -

(१) यस कार्यबिधिको नाम "शव बाहन संचालन तथा व्यवस्थापन कार्यबिधि २०७९" रहेको छ ।

(२) यो कार्यबिधि भद्रपुर नगरकार्यपालिकाबाट पारित भई नगर प्रमुखबाट प्रमाणीकरण भए पश्चात लागु हुनेछ ।

### परिच्छेद-२

२. परिभाषा - बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "कार्यबिधि" भन्नाले भद्रपुर नगरपालिकाको शव बाहन संचालन तथा व्यवस्थापन कार्यबिधि २०७९ सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिका सम्झनु पर्दछ ।

(ग) "शव बाहन" भन्नाले भद्रपुर नगरपालिका क्षेत्रभित्रका मृतक व्यक्तिको परम्परा तथा कुल धर्म अनुसारको संस्कार पुरा गर्न मृत्यु भएको स्थानबाट श्मसानघाटसम्म पुर्याउन प्रयोग गरिने साधनलाई सम्झनु पर्दछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(घ) "स्थानीय निर्देशक समिति" भन्नाले नगरपालिका स्तरमा शव बाहन संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि गठित निर्देशक समिति सम्झनु पर्दछ ।

(ङ)"अनुदान" भन्नाले नेपाल सरकारबाट नगरपालिकालाई उपलब्ध हुने निशर्त तथा सशर्त अनुदान रकम समेत सम्झनु पर्दछ ।

(च) "श्मशानघाट" भन्नाले विभिन्न जातजातिहरुको परम्परागत कुल धर्म अनुसार मृतक व्यक्तिको शवलाई व्वस्थापन गर्न निर्माण गरिएको घाट, खोला, जंगल, समाधिस्थल, चौर, सरकारी वा नीजि जमिन समेतलाई बुझ्नु पर्दछ ।

(छ) "प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "उपप्रमुख" भन्नाले भद्रपुर नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-३

३. कार्यबिधिको उदेश्य -यस कार्यबिधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

(क) शव बाहन संचालनको जिम्मेवारी विश्वसनीय र भरपर्दो रुपमा निर्वाह गर्ने ,

(ख) शव बाहन संचालनका लागि स्रोत व्यवस्थापन, नियमित मर्मत सम्भार र सेवा प्रवाह प्रभावकारी बनाउने ।

४. कार्य क्षेत्र- नगरपालिकाको अगुवाईमा भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका जनतालाई मृत्यु संस्कार पुरा गर्न शव बाहन उपलब्ध गराउने तथा शव बाहनको व्यवस्थापन, संचालन, मर्मत संभार सम्बन्धि कार्य गर्नु यस कार्यबिधिको कार्यक्षेत्र हुनेछ ।

## परिच्छेद -४

५. शव बाहन सेवा संचालन तथा व्यवस्थापन -(क) शव बाहनका रुपमा प्रयोग भएको सवारी साधनको अघिल्लो भाग चालक सहित कम्तिमा २ जना बस्न मिल्ने र पछिल्लो भागमा शव राख्ने गरी दुई खण्डमा विभाजन गरी बिचमा स्थायी छेकाबारा लगाईएको हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(ख) भद्रपुर नगरपालिकामा भएको शव बाहनको कार्य क्षेत्र साधारणतया नगरको भौगोलिक क्षेत्रभित्र हुनेछ ।शवलाई कन्काई माईसम्म पुर्याई दिन सम्बन्धित परिवारले अनुरोध गरेमा शव पुर्याउने प्रयोजनका लागि कन्काई माईलाई पनि भद्रपुर नगरक्षेत्र सरह मानिनेछ । विशेष परिस्थितिमा नगर क्षेत्र बाहिर जानु परेमा चालकले नगर प्रमुख, नगर उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई मौखिक, फोन वा अन्य माध्यमबाट जानकारी गराई अनुमति भए अनुसार जानु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम नगरक्षेत्र बाहिर जानु पर्दा देहाय अनुसार रकम लिनु पर्नेछ ।

(१) भद्रपुरबाट धरान वा विराटनगरसम्म जान आउन रु ४०००।- (चार हजार)

(२) भद्रपुरबाट काठमाडौंसम्म जान आउन रु १५०००।- (पन्ध्र हजार)

(३) उल्लेख भए बाहेक अन्य स्थानमा जान आउन परेमा निर्देशक समितिले तोके बमोजिमको रकम लिईनेछ ।

(४) यस प्रकारको रकम शव बाहन चालकले नगरपालिकाको रसिद प्रयोग गरी लिनु पर्ने र सो रकम असुल गरेको चौबिस घण्टामा नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

(घ) शव बाहनभित्र पञ्जा, माक्स, सेनिटाइजर, प्लाष्टिक, शवबाट आउने दुर्गन्द नियन्त्रण गर्न सक्ने स्प्रे पफ्र्युम लगायत स्वास्थ्यका मापदण्ड पुरा हुने गरी पि.पि सेट समेतको व्यवस्था नगरपालिकाले गर्नु पर्नेछ ।

(ङ) चौबिसै घण्टा सेवा दिनुपर्ने भएकाले चालकलाई रासन र नगरपालिकाले आवश्यकतानुसार थप सुविधा दिन सक्नेछ ।

(च) शव बाहन संचालन गर्ने चालक सधै स्वास्थ्यको जोखिममा रहने हुँदा नगरपालिकाबाट निणर्य गरी वीमा लगायत थप सुबिधा दिन बाधा पर्ने छैन ।

(छ) शव बाहन प्रयोग भएको अवस्थाको लग बुक प्रमाणीत गराई राख्नु सम्बन्धित चालकको कर्तब्य हुनेछ ।

(ज) प्रयोग नभई शव बाहन खाली रहेको अवस्थामा नगरपलिकामा बसोबास गर्ने व्यक्ति वा परिवारबाट शव बाहन माग भएमा **First come First serve** को अधारमा नगरपालिकाले निशुल्क उपलब्ध गराउन सक्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(झ) शव बाहन माग गर्नका लागि भद्रपुर नगरपालिका अन्तरगत शव बाहनको सेवाको लागि उपलब्ध हुने नम्बरमा फोन गर्नु पर्नेछ ।साधारणतया शव बाहन संचालन सम्बन्धि व्यवस्था नगर प्रहरी शाखाबाट हुनेछ ।

(ञ) कार्यलयले उपलब्ध गराउँने शव बाहन संचालनको लागि तोकिएको ढाँचा बमोजिमको अपरेशन लगसीट तोकएको अधिकारीले प्रमाणित गरी सम्बन्धित अपरेटरलाई उपलब्ध गराउँनु पर्नेछ ।अपरेटरले पनि सोही लगसीटमा उपकरण संचालन सम्बन्धि अभिलेख राख्नु पर्नेछ ।

(ट) शव बाहन प्रयोग गर्दा साईटसम्म लैजाने र काम समाप्त भए पश्चात सुरक्षित तवरले कार्यालयमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रयोगकर्ता र अपरेटरको हुनेछ ।

(ठ) शव बाहन प्रयोग गर्दा तोकिएको स्थानमा भन्दा अन्य क्षेत्रमा लैजान पाइने छैन । पछि कुनै कारणवश क्षेत्र बदल्नु परेमा कार्यालयसँग स्वीकृति माग गर्नु पर्नेछ ।

(ड) शव बाहन प्रयोग भई रहेको अवस्थामा बिग्रन गई मर्मत गर्नु पर्ने भएमा कार्यालयको नियामानुसार गर्नु पर्नेछ ।

(ढ) शव बाहन प्रयोग गर्दा उक्त उपकरण कार्यालयबाट बाहिर निस्केको र फिर्ता भएको मिति र समय जनाई सम्बन्धित अपरेटरको दस्खत गराई तोकिएको अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(ण) शव बाहन प्रयोग भई फिर्ता भएपछि सम्बन्धित अपरेटरले उक्त उपकरण संचालन भएको विवरण सहितको अपरेशन लगसीट कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद -५

६. निर्देशक समिति सम्बन्धि व्यवस्था-

(१) शव बाहन व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन तपसिल बमोजिमको निर्देशक समिति रहनेछ -

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सह संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) समितिले तोकेको नगर कार्यपालिकाको सदस्यमध्ये १ महिला | सदस्य |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(ङ) विपद व्यवस्थापन शाखा प्रमुख — सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार आफ्नो कार्यबिधि आफैं तयार गरी बस्नेछ । समितिको बैठकमा आवश्यक ठानेका अन्य प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्नसक्नेछ

## परिच्छेद -६

## बिविध

७. गलत सूचना दिने व्यक्तिलाई हुने सजाय -(१) शव बाहन सेवा आवश्यक भयो भनि गलत सूचना दिने व्यक्ति र शव बाहन संचालन तथा व्यवस्थापन कार्यमा अवरोध पुर्याउने व्यक्तिलाई कानून अनुसार कारवाही गरिनेछ ।

८. समिक्षा एवम् प्रगती प्रतिवेदन सम्बन्धि व्यवस्था- (१) निर्देशक समितिको सदस्य सचिबले शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धि क्रियाकलापहरुको वार्षिक प्रतिवेदन तयार गरी नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

९. खारेजी र बचाउ - (१) यस कार्यबिधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

(२) यस कार्यबिधिमा भएका प्रवधानहरुमा संसोधन थपघट तथा खारेज गर्ने अधिकार नगरकार्यपालिका बैठकलाई हुनेछ ।

(३) शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धि यस अघि भए गरेका काम कारवाही यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

(टेककुमार रेग्मी)

प्रमुख प्रशासकीय अधिकृत

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका